नेपाल सरकार

# परराष्ट्र मन्त्रालय

काठमाण्डौ, नेपाल

## प्रेस विज्ञप्ति

पश्चिम एसिया क्षेत्रमा विकसित भइरहेका पछिल्ला घटनाक्रमप्रति नेपाल सरकार पूर्ण रूपमा सचेत रहेको छ। उक्त क्षेत्रमा रहेका सबै नेपाली नियोगहरूले सम्बन्धित मुलुकका सरकारी निकायहरू तथा नेपाली समुदायसँग निकटतम सम्पर्क र समन्वयलाई निरन्तरता दिँदै त्यहाँ रहेका नेपाली नागरिकहरूको अवस्थाबारे जानकारी संकलन गरिरहेका छन्। साथै, ती मुलुकहरूमा समस्यामा परेका नेपाली नागरिकहरूको उद्धार, सहायता तथा सहजीकरणका लागि निरन्तर रूपमा प्रयास भइरहेको छ।

यसै सन्दर्भमा आज नेपालका सम्माननीय प्रधानमन्त्री **श्रीमती सुशीला कार्की** र कतारका प्रधानमन्त्री तथा परराष्ट्र मन्त्री हिज हाइनेस **शेख मोहम्मद बिन अब्दुलरहमान बिन जासिम अल थानी**बीच टेलिफोन सम्वाद सम्पन्न भएको छ। सम्वादका क्रममा पश्चिम एसियामा विकसित वर्तमान अवस्था तथा कतारमा रहेका नेपाली नागरिकहरूको सुरक्षा र हितका विषयमा छलफल भएको छ। उक्त अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यूले कतार सरकारले त्यहाँ रहेका नेपाली नागरिकहरूको सुरक्षा र कल्याणका लागि गरेको सहयोगप्रति कृतज्ञता व्यक्त गर्नुभएको छ।

१. यसैगरी आजै साँझ परराष्ट्रमन्त्री माननीय बालानन्द शर्मा र बहराइनका परराष्ट्रमन्त्री महामहिम डा. अब्दुल्लतिफ बीन रशिद अल जायनीबीच टेलिफोन सम्वाद भएको छ। उक्त अवसरमा उहाँहरूबीच उक्त क्षेत्रको समग्र सुरक्षा अवस्था, बहराइन सरकारले चालेका सुरक्षा रणनीतिहरू र नेपालीहरुको सुरक्षा लगायतका विषयमा छलफल भएको छ। माननीय परराष्ट्रमन्त्रीज्यूले नेपालीहरुको

सुरक्षा र हितलाई उच्च प्राथमिकतामा राखेकोमा उहाँका समकक्षीमार्फत बहराइन सरकारलाई धन्यवाद दिनु भएको छ ।

२. उक्त क्षेत्रमा रहेका नियोगहरूबाट अद्यावधिक विवरण लिने उद्देश्यले मन्त्रालयले आज एक भर्चुअल बैठकको आयोजना सम्पन्न गरेको छ। उक्त बैठकमा उक्त क्षेत्रका सबै १० वटै नियोगहरूबाट त्यहाँको समग्र परिस्थिति र नेपाली नागरिकहरूको सुरक्षाका बारेमा अद्यावधिक विवरणहरु प्रस्तुत भएको छ। उक्त अवसरमा परराष्ट्र सचिव श्री अमृतबहादुर राईले सबै नियोग प्रमुखहरूलाई थप सक्रियताकासाथ समन्वयात्मक र प्रभावकारी ढंगले बढी कार्यसम्पादन गर्न निर्देशन दिनुभएको छ।

३. हिजो २०८२ फागुन २० गते बसेको Emergency Response Team (ERT) को पहिलो बैठकको निर्णयअनुसार परराष्ट्र मन्त्रालयमा स्थापना गरिएको Emergency Control Room हाल पूर्ण रूपमा सञ्चालनमा आएको छ। उक्त Control Room बाट २४ सै घण्टा हटलाइन सेवा, इ—मेल रेसपोन्स, आवश्यक समन्वय तथा परिस्थितिसम्बन्धी प्रतिवेदन तयारीको कार्य गरिनेछ। Control Room मा निम्न नेपाली नम्बरहरू (WhatsApp, Viber तथा Botim समेत) मार्फत सम्पर्क गर्न सकिनेछः

९७४४४४१२२७

९७४४४४१२२८

९७४४४४१२२९

इमेलः **emergency@mofa.gov.np**

नेपाल सरकार
# परराष्ट्र मन्त्रालय
काठमाण्डौ, नेपाल

४. पश्चिम एसियामा रहेका नेपाली नागरिकहरूको अद्यावधिक विवरण संकलनका लागि कन्सुलर सेवा विभागद्वारा सञ्चालनमा ल्याइएको अनलाइन दर्ता प्रणालीमा आज साँझसम्म ३३,९१० जना नेपाली नागरिकहरूले आफ्नो विवरण दर्ता गरिसक्नुभएको छ। त्यसरी दर्ता भएका विवरणहरू उक्त विभाग लगायत सम्बन्धित नेपाली नियोगहरूबाट प्राथमिकताका साथ अध्ययन गर्दै आवश्यक कारबाहीका लागि प्रक्रिया अगाडि बढाईंदैछ।

५. आज दिउँसो अवुधावीस्थित ICAD क्षेत्रमा दुईजना नेपालीलाई छर्रा लागि सामान्य घाइते भएको र उहाँहरू हाल सामान्य उपचारपछि अस्पतालबाट फर्किसक्नु भएको छ।

परराष्ट्र मन्त्रालय सबै नेपाली नागरिकहरूलाई वर्तमान परिस्थितिमा **संयमित, सचेत र सजग** रहन अनुरोध गर्दछ। कुनै समस्या वा आपतकालीन अवस्था परेमा माथि उल्लिखित नम्बरहरू वा सम्बन्धित नेपाली नियोगहरूले उपलब्ध गराएका सम्पर्क नम्बरहरूमा तुरुन्त जानकारी गराउन अनुरोध गरिन्छ। साथै, उक्त क्षेत्रमा रहेका सम्पूर्ण नेपालीहरुको सुरक्षाका लागि संभव भएसम्मका सबै कदम चाल्न नेपाल सरकार तत्पर रहेको व्यहोरा समेत जानकारी गराइन्छ ।

**परराष्ट्र मन्त्रालय**
**सिंहदरबार**
२०८२ फागुन २१